# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ८ पुस २७, २०७९

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०९-२७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।०९।२७ गतेको आठौं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा

२. स्थानीय भूमि परिषदको बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा

४. स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा

५. विभिन्न योजनाको अनुगमन प्रतिवेदन तथा योजना फरकफारक सम्बन्धमा

६. सुरक्षित नागरिक आवास वापतको रकम भुक्तानी सम्बन्धमा

७. विशेष अनुदानको योजना सम्बन्धमा

८. परामर्श सेवा मार्फत जग्गा वर्गिकरणको कार्य गराउने सम्बन्धमा

९. अन्य विविध

## मिति २०७९।०९।२७ गतेको आठौं कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २ | स्थानीय भूमि परिषदको बैठकका निर्णयहरु कार्यान्वयन गर्ने । |
| ३. | यस गाउँपालिकाको आ.व. ०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका विभिन्न सूचकहरुको बारेमा बैठकमा छलफल भयो । गाउँपालिकाको प्रारम्भिक नतिजा ८८% प्राप्त भएको जानकारी भयो । |
| ४. | आ.व. ०७८/०७९ को स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कनका विभिन्न सूचकहरुको बारेमा छलफल भयो । वित्तिय जोखिमको प्रारम्भिक नतिजा ८९.५% प्राप्त भएको जानकारी भयो । |
| ५. | गुल्मीदरबार गाउँपालिकाका देहायका योजनाहरुको अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भई छलफल भयो । अनुगमन प्रतिवेदनको आधार तथा प्राविधिक मूल्याङ्कनको आधारमा रकम भुक्तानी दिने । |
| ६. | गुल्मीदरबार गाउँपालिका वडा नं. ७ निवासी एकल असहाय नागरिक सितादेवी टण्डनको आफ्नो आवास नभएको हुँदा निजलाई आवास निर्माण वापत प्राविधिक स्टिमेट तथा मूल्याङ्कन बमोजिमको रकम रु. ५००००।— (पचास हजार) गाउँपालिकाको आ.व. ०७९/०८० को सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत भुक्तानी दिने । |
| ७. | मिति २०७९।०९।१८ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार विशेष अनुदानको योजनाको सि.नं. १ मा रुन्खादह मा.वि. १६ कोठे भवन वडा नं. ४ र सि.नं. २ मा स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ६ हुनु पर्नेमा अन्यथा भएकोले सच्याई राष्ट्रिय योजना आयोगमा पठाउने । |
| ८. | भूउपयोग नियमावली २०७९ को नियम ५ बमोजिम भूउपयोग क्षेत्र वर्गिकरण तथा नियम ८ र अनुसूची १ बमोजिम जग्गाको वर्गिकरण गर्नको लागि यस गाउँपालिकामा दक्ष जनशक्ति समेत नभएको र गुणस्तरीय दिर्घकालीन रुपमा फरक नपर्ने गरी जग्गाको वर्गिकरण गर्ने कार्य रु १० लाख भित्र रहने गरी पराशर्म सेवा मार्फत गर्ने । |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत विभिन्न निकायहरुबाट प्राप्त परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भयो । प्राप्त निर्देशन तथा परिपत्र बमोजिम कार्य सम्पादन गर्ने गराउने । |